जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९ स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३० अंक १३५ २०७७ साल पुस १० गते शुक्रबार (25 Dec. 2020 Friday) मूल्य रु. ५/-

*Log on : rajbirajdainik.com.np*

**२०७५ साल भदौ १ गते लागू भएको देवानी संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- मासिक बीस हजार रुपैयाँभन्दा बढीमा घर बहालमा दिँदा घर बहालमा लिने दिने व्यक्तिले लिखित सम्झौता गर्नु पर्ने,
- काम लगाउने व्यक्तिले काम गर्ने व्यक्तिलाई कामको अनुपातमा ज्याला दिनु पर्ने,
- पचास हजार रुपैयाँ भन्दा बढी रकम लेनदेन गरी घरसारमा तयार भएको लिखत स्थानीय तहबाट प्रमाणित गराउनु पर्ने,
- धर्मपुत्र धर्मपुत्री राख्दा जिल्ला अदालतबाट प्रमाणीकरण गराउनु पर्ने,
- सार्वजनिक पदाधिकारीले पदीय हैसियतमा नाम र दर्जा खुलाई कुनै लिखतमा हस्ताक्षर गर्नु पर्नेमा सो नगरे पाँचसय रुपैयाँसम्म जरिवाना हुन सक्ने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

*यस अंक भित्र :* २ पृष्ठमा : मधेशको आर्थिक ... ३ पृष्ठमा : समर्थन मूल्यमा धान ... ३ पृष्ठमा : कोलम्बीयामा पत्रकारको ...

## भुकम्पले भत्किएको विद्यालय र स्वास्थ्य चौकीलाई नयाँ संरचना हस्तान्तरण




राजविराज ७ स्थित राष्ट्रिय आधारभुत विद्यालयमा निर्माण गरिएको हातधुने स्टेशनमा हात धुदै विद्यालयका बालबालिकाहरु । *तस्बिर : राजविराज दैनिक*

**दैनिक समाचारदाता**
**राजविराज, ९ पुस ।**

बि.स. २०७२ सालको विनाशकारी भुकम्पबाट क्षति भएका सप्तरीका एक विद्यालय र स्वास्थ्य चौकीको संरचनालाई नयाँ शैलीमा मर्मत तथा निर्माण गरि हस्तान्तरण गरिएको छ ।

राजविराज ७ स्थित राष्ट्रिय आधारभुत विद्यालय र वडा नं. १ डुमरीस्थित स्वास्थ्य चौकीलाई नयाँ निर्माण तथा पहिलेदेखी जिर्ण अवस्थामा रहेका भवन संरचना मर्मत सम्भार गरि हस्तान्तरण गरिएको हो ।

विद्यालय तथा स्वास्थ्य संस्थाको सुरक्षित खानेपानी, सरसफाई तथा स्वच्छता प्रवर्द्धन गर्ने प्रमुख उद्देश्यले युनिसेफ नेपालको आर्थिक तथा प्राविधिक सहयोग र राजविराज नगरपालिकाको समन्वयमा सप्तरी सामुदायिक विकास केन्द्र नेपाल, राजविराजले नवनिर्मित तथा मर्मत सम्भार गरिएका संरचनाहरु एक कार्यक्रमबीच बिहीबार विद्यालय र स्वास्थ्य चौकीलाई हस्तान्तरण गरिएको छ ।

केन्द्रद्वारा संचालित संस्थागत खानेपानी, सरसफाई तथा स्वच्छता प्रवर्द्धन परियोजना अन्तरगत विद्यालयमा ४ लाख ३१ हजार ५४ रुँपैयाको लागतमा हात धुने स्थानको नवनिर्मित संरचनासहित मर्मत सम्भार गरिएका दुई वटा शौचालय, दुई वटा युरिनल, एउटा सेफ्टी ट्याङ्क, एक कक्षा कोठा, हाते कल, हातधुने स्टेशन, नवनिर्मित पर्खाल लगायतका भवन र संरचना हस्तान्तरण गरिएको संस्थाका अध्यक्ष शम्भुनन्द चौधरीले जानकारी दिएका छन् । सोही क्रममा विद्यालयका बालबालिकालाई सुरक्षा सामाग्रि किटसमेत बितरण गरिएको छ ।

यस्तै राजविराज १ डुमरीस्थित स्वास्थ्य चौकीलाई पनि २ लाख ८७ हजार ९ सय ४५ रुँपैयाको लागतमा निर्माण गरिएको टायल्ससहितको हात धुने स्थानको निर्माण, मर्मत सम्भार गरिएका दुई शौचालय, दुई युरिनल, सेफ्टी ट्याङ्क, पानी तान्ने मोटर, हातेकल लगायतका सामाग्रि, भवन र संरचनाहरु हस्तान्तरण गरिएको छ ।

भवन, संरचना र सामाग्रि हस्तान्तरण भन्दा अगाडी प्रमुख जिल्ला अधिकारी शंकरहरि आचार्य तथा जिल्ला समन्वय समितिका प्रमुख प्रभाकर यादव, राजविराज नगरपालिकाका कार्यकारी अधिकृत मदन बहादुर थापा, शिक्षा अधिकृत भोगेन्द्र यादव सहितको टोलीले त्यसको अनुगमन समेत गरेका थिए । सो क्रममा उनीहरुले केन्द्रको कामको प्रशंसा गर्दै प्राप्त सहयोगको सदुपयोग गर्नुपर्नेमा जोड दिएका थिए ।

भुकम्पले प्रभावित भवन तथा थप आवश्यक देखिएका भवन संरचना निर्माण गर्न २०७६ माघदेखी केन्द्रले निर्माण कार्य अघि बढाएको परियोजना अधिकृत भुपेश कुमार भुपले बताए ।

## सवारी दुर्घटनामा दुईको मृत्यु

**दैनिक समाचारदाता**
**सिरहा, ९ पुस ।**

सिराहाको छुट्टाछुटै स्थानमा बिहीबार भएको सवारी दुर्घटनामा दुई जनाको मृत्यु भएको छ ।

पूर्व पश्चिम राजमार्गअन्तर्गत लहान नगरपालिका १ पडरियास्थित सडकमा यात्रुबाहक बसले मोटरसाइकललाई ठक्कर दिँदा मोटरसाइकल चालकको मृत्यु भएको छ ।

पूर्वबाट पश्चिमतर्फ जाँदै गरेको मे १ ख १६७५ नम्बरको भाग्यरेखा ट्राभल्सले सोही दिशामा जाँदै गरेको स १० प ९८४९ नम्बरको मोटरसाइकललाई ठक्कर दिँदा मोटरसाइकल चालक खोटाङको रुपाकोट मझुवागढी नगरपालिका ४ निवासी ३२ वर्षीय हिराबहादुर राईको मृत्यु भएको प्रहरीले जनाएको छ ।

दुर्घटनामा परी गम्भीर घाइते राईको लहानस्थित रामकुमार उमा स्मारक अस्पतालमा उपचारका क्रममा मृत्यु भएको जिल्ला ट्राफिक प्रहरी कार्यालय लहानले जनाएको छ ।

त्यस्तै सिराहाको नरहा गाउँपालिका ३ स्थित सडकमा बिहीबारै उखु लोड गरेको ट्याक्टरले मोटरसाइकललाई ठक्कर दिँदा मोटरसाइकल चालक स्थानीय ३० वर्षीय मो नइम खाँको मृत्यु भएको छ ।

पश्चिमबाट पूर्वतर्फ आउँदै गरेको प्रदेश २-०२-००१ त ०७६८ नम्बरको ट्याक्टरले पूर्वबाट पश्चिम जाँदै गरेको ज ११ प २१७८ नम्बरको मोटरसाइकललाई ठक्कर दिँदा गम्भीर घाइते खाँलाई उपचारका लागि मिर्चैयास्थित मङ्गलम हेल्थ केयर सेन्टर लैजाँदै गर्दा बाटोमै मृत्यु भएको प्रहरीले जनाएको छ ।

## दुई फरार प्रतिबादी पक्राउ पछि धरौटीमा रिहा एक धरौटी बुझाउन नसक्दा करागार चलान

**दैनिक समाचारदाता**
**राजविराज, ९ पुस ।**

विभिन्न अपराधमा संलग्न रही फरार रहेका दुई प्रतिवादी पक्राउपछि धरौटीमा तारेखमा रिहा भएका छन भने एक जना धरौटी बुझाउन नसक्दा कारागार चलान भएका छन ।

रिहा भएका मध्ये एक जना सामुहिक बलात्कारका पंच पनि धरौटीमा रिहाका भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

मोटरसाइकल चोरी मुद्दामा पक्राउ परेका सप्तरीको खडक नगरपालिका १ बस्ने २६ वर्षीय दिपक मण्डल सप्तरी जिल्ला अदालतको आदेशानुसार ५० हजार धरौटी रकम तिर्न नसक्दाँ विहिबार कारागार चलान भएका हुन ।


जिल्ला प्रहरी कार्यालय सप्तरीका अनुसार गत मंसिर ९ गते सोही नगरपालिका निवासी अमित साहको मोटरसाइल चोरी गरी फरार भएका उनलाई प्रहरीले पक्राउ गरी चोरी मुद्दामा कारबाही अघि बढाउदै अदालत समक्ष पेश गरेको थियो ।

अदालत बाट ५० हजार धरोटी माग हुँदा तिर्न नसकेका उनलाई कारागार चलान गरिएको जिल्ला प्रहरी कार्यालयका डिएसपी भुवनेश्वर साहले जानकारी दिए ।

त्यस्तै सामुहिक जवरजस्ती करणी र आत्महत्या दुरुत्साहन मुद्दामा फरार रहेका डाक्नेश्वरी नगरपालिका ७ का ४५ वर्षीय शत्रुधन मण्डल अदालतको आदेश पछि २ लाख रुपैयाँ धरौटी बुझाउदै तारेखमा रिहा भएका छन ।

गत भाद्र ३० गते सोही नगरपालिकामा भएको एक सामुहिक बलात्कार र पीडित

*बाँकी तीन पृष्ठमा*



## सम्पादकीय

# समृद्ध नेपालका लागि एकजुट हुनु आवश्यक

मुलुक पुनः आन्दोलनमय भएको छ। प्रधानमन्त्री केपी शर्मा ओलीले संसद विघटन गर्ने निर्णय गरेपछि राष्ट्रपतिले त्यसलाई अनुमोदन गर्ने बित्तिकै सो निर्णय असंबैधानिक भएको भन्दै सम्पूर्ण राजनीतिक दल त्यसको बिरोधमा उत्रेका छन्। मुलुकका राष्ट्रिय दलका नेकपा, काँग्रेस र जसपाले प्रधानमन्त्रीको असंबैधानिक कदमप्रति असन्तुष्टि व्यक्त गर्दै मुलुकव्यापी आन्दोलनको घोषणा गरेको छ। यसरी मुलुक पुनः आन्दोलनको भूमरीमा परेको छ।

मुलुकमा तीनै तहको निर्वाचन भएको तीन वर्ष नपुग्दै संसद विघटनपछि पुनः निर्वाचनको घोषणा भएपछि अहिले नेपाली जनता लगत्तै अन्यौलमा परेका छन्। दुई तिहाईका सरकार आफै निर्वाचनको घोषणा गर्नु भनेको जनमतलाई कदर नगरि त्यसको अपमान गर्नु हो। तर, अहिले पनि संसद पुर्नस्थापनाका लागि सार्वोच्च अदालतको बाटो खुल्ला नै रहेको छ। असंबैधानिक कदम बिरुद्ध सर्वोच्च अदालतमा परेको रिटको आज फैसला हुने भएको छ। नेपाली जनताले सोही फैसलाको पर्खाईमा रहेका छन्।

तसर्थ अहिलेको परिस्थितिमा सबै नेपाली जनता एकजुट हुनुपर्ने आवश्यकता रहेको छ। मुलुकलाई हानी गर्ने कुनै पनि गतिविधिलाई परास्त गर्न सबै एकमत हुनु आवश्यक छ। अनि मात्र समृद्ध नेपालको परिकल्पना साकार हुने छ।


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।

होमियोप्याथिक रिसर्च इन्स्टिच्युट

डा. सुशील मोहन दास

(बी.एच.एम.एस)

सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार

Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

कन्सलटेन्ट बाल रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती

Dr. Dinesh Upreti

MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141

कन्सलटेन्ट फिजिसियन

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह

Dr. Parasmani Shah

MBBS (BPKIHS), MD (BPKIHS, Dharan)

NMC Reg. No. : 13297

दुखाई विशेषज्ञ

Anaesthesiology & Critical Care Medicine

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569


# मधेशको आर्थिक उन्नतिको आधार कृषि



जासर यादव

मधेश समृद्ध होस् भनेर करिब दुई दशक राजनीतिमा सक्रिय थिएँ। म आफ्नो डा.सीके राउतको स्वतन्त्र मधेश गठबन्धनमा लाग्नु पूर्व पनि अन्य राजनीतिक दलमा सक्रिय थिएँ। मधेशमा जब फोरम, तमलोपा लगायतका राजनीतिक दलहरु उदाए उनीहरुले पनि मधेशलाई समृद्ध बनाउने लगायतका नाराहरु नै दिएका थिए। तर वास्तवमा उनीहरुले मधेशको समृद्धिभन्दा पनि व्यक्तिगत स्वार्थ पूर्तिका लागि पसल खोलेको अनुभूति गरें। त्यसैले म राजनीतिमा नलागेर मधेशलाई कसरी समृद्ध बनाउन सकिन्छ भनेर एउटा योजना बनाएँ। मधेश कसरी समृद्ध हुन्छ भनेर त्यतातिर लागें। मधेशले अहिलेसम्म धोका मात्रै पाएको छ।

आज मधेशका उर्बर भूमि बन्जरमा परिणत भइरहेको छ, यसको मुख्य दोषी को त? अहिले हामीले मधेशको नाममा राजनीति गर्ने र मत लिनेहरुलाई नै म दोष दिन्छु। अहिले उनीहरुले प्रदेशमा सरकार बनाएका छन्, स्थानीय तहमा प्रतिनिधित्व गरिरहेका छन्, खै त मधेशलाई समृद्ध बनाएको?

मैले दैनिक रुपमा ४०-५० जनाको हराहारीमा काम दिएको छु। उहाँहरुलाई दैनिक खानामा, दाल, भात, दुई ओटा तरकारी अचारसहितको भोजनको व्यवस्था गरेको छु। यो निमुखा जनताहरु हाम्रै मधेशका दलितहरु हुन्। उहाँहरु मध्ये धेरै जना सुकुम्बासीहरु छन्। उहाँहरुलाई मैले जेष्ठ १५ गतेबाट रोजगारी दिएको छु। आज उहाँहरुको सुखदुःख को साथि मैले नै बनेको छु। वाचा गर्ने नेताहरु त एक चोटि उहाँहरुको घरमा यस्तो कोरोनाको बेलामा पनि अलि अलि राहत त दिए हुन्थ्यो नि। राजनीतिको नाममा जति पनि दलहरु छन् त्यो दल हो कि दलाल हो कुरो बुझ्न नि गाह्रो। आज म एक जना व्यक्तिले दुई सय जनालाई रोजगारी दिने सोचमा छु। म जस्तो १० प्रतिशत युवाले मधेशमा नै रोजगारीको सर्जना गरियो भने के मधेश समृद्ध हुदैन र? कि राजनीति मात्रै एउटा विकल्प छन्? राजनीति एउटा गरिखाने भाडो मात्रै हुन्। हामी जस्तो कति युवा विदेशमा छन् त्यो रहरले हैन, बाध्यताले हो। हामी युवाहरु अब आफ्नै माटोमा समृद्धिको फुल फुलाउनु पर्छ।

मैले तीन वर्षको लक्ष्य लिएको छु। अहिले म रौतहटमा कृषि कर्म गरिरहेको छु र महोत्तरीमा पनि सुरु गर्ने तयारीमा छु। रौतहटमा मैले दुई हजार लोकल हाँस, कुखुरा, माखा पालन, ५० वटा गाई, ५० वटा भैंसी, पाँच बिघामा मेवा, पाँच बिघामा अम्बा, पाँच बिघामा केरा, पाँच बिघामा सुन कागती लगायतको खेती छिट्टै नै सञ्चालन गर्न गइरहेको छु। मसँग अहिले ५० जनाको टिम छ। रौतहटमा सफल भइसकेपछि मैले आफ्नो टिमबाट मधेशका हरेक जिल्लामा पाँच-पाँच जना पठाएर मधेशभरि नै कृषि क्रान्ति ल्याउँछु। अहिले महोत्तरी र रौतहटमा तरकारी खेती, धान लगायत उब्जनी गरिरहेको छ, अब दोस्रो चरणमा फेरि पाँच वटा जिल्लामा सुरु गर्ने योजनामा छु। त्यसपछि तेस्रो चरणमा मधेशका सबै जिल्लामा यस्तै प्रकारका खाद्यान्न उब्जनीका लागि योजनाबद्धरुपले सञ्चालन गर्नेछु।

किनभने त्यहाँबाट मेरो आम्दानीको स्रोत पनि बढ्छ र बैंकरहरुले पनि पत्याउने आधार हुन्छ। मधेशमा खेती गर्नका लागि सिंचाइको समस्या छैन। आफ्नो लगानीमा गरियो भने बोरिङ्ग, डीप बोरिङ्ग लगाएर गर्न सकिन्छर। मधेशमा जति पनि पानी छन्। *(यादव एमरेष्ट कृषि फर्म प्रालिका अध्यक्ष हुन्।)) मधेश दर्पण फिचर सेवा*

# सिरहामा फुसको छानो विस्थापन अभियान शुरु

लहान, ९ पुस (रासस)।

सिरहामा फुसको छानामुक्त बनाउने अभियान शुरु गरिएको छ। फुसको छानोका कारण हावाहुरीको समयमा अत्यधिक आगलागीका घटना हुँदा ठूलो धनजनको क्षति हुने र वर्षेनी परालले छानो हाल्नुपर्ने समस्यालाई दृष्टिगत गरी सरकारले फुसको छानो विस्थापित गर्न अभियान शुरु गरेको हो।

सुरक्षित नागरिक आवास कार्यक्रमअन्तर्गत सिरहाको सबै स्थानीय तहमा फुसको छानो विस्थापित गर्ने अभियान शुरु गरिएको बताइएको छ। अभियानअन्तर्गत चालु आर्थिक वर्षमा सिरहाका विभिन्न स्थानमा चार हजार जस्तापातासहितको सुरक्षित घर बनाउन लागिएको सघन शहरी तथा भवन निर्माण आयोजना सप्तरीले जनाएको छ।

सुरक्षित नागरिक आवास समन्वय समितिको बैठकले वर्षेनी हुने आगलागी र छानो चुहिने समस्याको दिगो समाधानका लागि सिरहाको चार वटै निर्वाचन क्षेत्रका स्थानीय तहमा जस्तापातासहितको सुरक्षित घर बनाउने निर्णय गरेको छ।

सिरहा नगरपालिकामा ४०१, गोलबजार नगरपालिकामा २२८, नरहा गाउँपालिकामा १७८, विष्णुपुर गाउँपालिकामा १२३ र अर्नमा गाउँपालिकामा २६७ वटा जस्तापाताका सुरक्षित आवास भवन निर्माण गर्ने निर्णय भएको सघन शहरी तथा भवन निर्माण आयोजना सप्तरी राजविराजका इन्जिनीयर ब्रह्मदेव चौधरीले जानकारी दिनुभयो।

सरकारले फुसको छानो विस्थापित गर्ने लक्ष्यका साथ शुरु गरेको सुरक्षित नागरिक आवास कार्यक्रमअन्तर्गत फुस छानो हटाएर जस्तापाता हालेर सुरक्षित घर बनाउन लागिएको इन्जिनीयर चौधरीले बताउनुभयो। "प्रत्येक घरका लागि रु ५० हजार रकम छुट्टयाइएको छ", उहाँले भन्नुभयो, "लक्षित परिवारलाई घरमा जस्तापाता हाल्न पहिलो किस्तामा रु ३० हजार दिने र तोकिएको मापदण्डअनुसार जस्तापाता हालेर भवन बनाउनेलाई थप रु २० हजार उपलब्ध गराइने छ।" यसमा कुनै लक्षित वर्ग वा जातलाई

*बाँकी तीन पृष्ठमा*


## हाम्रो जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोक्नकालागि अपनाउनु होसियारी

- कोराना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमबाट फैलिने संक्रमण हो।
- संक्रमित भएको ब्यक्तिले खोक्दा वा हाच्छ्यु गर्दा निस्किने थुक, खकार रसिङ्गानबाट यो भाइरस एक ब्यक्तिबाट अर्को ब्यक्तिमा सर्न जान्छन्।

**यो रोगबाट जोगिन यस्तो गर्नुपर्छ**

- खोकी वा हाच्छ्यु गर्दा मुख छोप्नुपर्छ। मुख छोपेको टिसूपेपरलाई फोहोर राख्ने भाडामा फाल्नुपर्छ।
- समय-समयमा साबुन पाइनले राम्रोसँग २० सेकेण्डसम्म मिचमिची हात धुनुपर्छ वा सेनिटाईजर हातमा लगाउनुपर्छ। कुनै ब्यक्तिसँग भेट्नुपरेमा हात मिलाउनु हुँदैन, बरु हात जोडेर नमस्कार गरौं।
- खोकी लागेको ब्यक्तिबाट दुरी बनाउनुपर्छ। यदी तपाईलाई खोकी लागेको छ भने तपाई आफु पनि अरू मान्छेबाट दुरी बनाएर बस्नुपर्छ।
- भिडभाडमा जानु हुँदैन र अरूलाई पनि भिडमाडमा जान नहुने भनि बुझाउनुस।
- आवश्यकता भएको ठाउँमा मास्कको उचित प्रयोग गर्नुहोस्।

**महत्वपूर्ण सवाल :**

- ज्वरो र खोकी लागेको र स्वाँस लिंदासमेत असहज महसुस भएमा चाँडै नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुपर्छ।
- कोरोना भाइरस रोगको बारेमा अरू जानकारी प्राप्त गर्न निःशुल्क टेलिफोन नम्बर १११५ मा फोन गर्न सकिन्छ।
- कोरोना भाइरसबाट डराउनु हुँदैन, बरू सतर्कचाहिं हुनुपर्छ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# समर्थन मूल्यमा धान खरिद शुरुः धान बेच्न किसानको भेषमा व्यापारी

वीरगञ्ज, ९ पुस (रासस) ।

सङ्घीय सरकारले किसानको धान मात्र खरिद गर्ने नीति लिए पनि खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड शाखा कार्यालय वीरगञ्जले धान खरिद गर्न शुरु गरेपछि किसानको भेषमा निजीस्तरका गल्ला व्यापारी पनि आउन थालेका छन् ।

शाखा कार्यालयले मङ्सिर ११ गतेदेखि किसानबाट धान खरिद गर्न थालेको हो । किसानको लाइनमा उभेर निजी गल्ला व्यापारी धान बेच्न थालेपछि हालसम्म ५० नक्कली किसानलाई फर्काइएको सो कार्यालयले जनाएको छ ।

“सङ्घीय सरकारले यस वर्ष धान खरिदको समर्थन मूल्य सोनामन्सुलीमा १० प्रतिशत र जिरामसिनो धानमा साढे तीन प्रतिशत बढाएपछि बढी मुनाफा लिन निजीस्तरका गल्ला व्यापारीले धान बेच्न सो कार्यालयमा आउने गरेको छ”, शाखा प्रमुख विशाल कटुवालले रासससलाई भन्नुभयो, “व्यापारीको धानमा मिसावट हुने गरेकाले यसप्रति हामी सजग भएर किसानको धान मात्र खरिद गर्ने गरेका छौँ ।”

व्यापारीको धानमा मिसावट हुने गरेको तथा किसानको धानमा मिसावट नदेखिएकाले कार्यालयले किसानको धान मात्र खरिद गर्न थालिएको छ । कार्यालयले धान खरिद गर्दा १८ प्रतिशत सुकेको, दुई प्रतिशतभन्दा बढी मिसावट नभएको र पाँच प्रतिशतसम्म बिग्रेको धान खरिद गर्ने गरेका छन् । धान खरिद गर्दा किसानको नागरिकता वा लालपुर्जाको फोटोकपी, स्थानीय तहले किसान हो भनेर सिफारिसको प्रतिलिपि भए मात्र धान खरिद गर्ने गरेको छ ।

त्यति मात्र नभएर बिचौलियाले प्रतिक्विन्टल रु १८० लिएर व्यापारीको धान बेच्न आउने गरेको र यस्ता बिचौलियाको धान खरिद नगरी पठाउने गरेको छ, सूचना अधिकारी मुनिलाल कुशवाहाले बताउनुभयो । यस वर्ष निजीस्तरका गल्ला व्यापरीले सोनामन्सुली धान प्रतिक्विन्टल रु दुई हजार ६०० र जिरामसिनो धान प्रतिक्विन्टल रु दुई हजार ८०० मा किन्ने गरेको भएपनि सरकारले भने सोना मन्सुली प्रतिक्विन्टल रु दुई हजार ८८५ र जिरामसिनो धान प्रतिक्विन्टल रु दुई हजार ९०० मा खरिद गर्न थालेपछि बिचौलियामार्फत निजीस्तरका गल्ला व्यापारी पनि संस्थानमा धान बेच्न प्रयास गरेको देखिन्छ ।

सरकारले अघिल्लो आर्थिक वर्ष २०७६/७७ मा सोना मन्सुली धान प्रतिक्विन्टल रु दुई हजार ६७३ तथा जिरामसिनो धान प्रतिक्विन्टल रु तीन हजार ५० मूल्य तोकेको थियो भने यस वर्ष नेपाल सरकारले सोनामन्सुली धान प्रतिक्विन्टल रु दुई हजार ८८५ समर्थन मूल्य तोकेको छ भने प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा रहेको जिल्ला प्राथमिक खरिद समितिले जिरामसिनो धानको खरिद मूल्य प्रतिक्विन्टल रु दुई हजार ९०० तोकेको छ ।

संस्थानले यस वर्ष रु आठ करोड ६५ लाख ५० हजार मूल्य बराबरको ३० हजार क्विन्टल सोनामन्सुली धान रु एक करोड ४५ लाख मूल्य बराबरको पाँच हजार क्विन्टल धान खरिद गर्ने लक्ष्य लिएकामा खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड वीरगञ्जले हालसम्म रु तीन करोड ४६ लाख २० हजार मूल्य बराबरको १२ हजार सोनामन्सुली धान तथा रु दुई लाख ९० हजार मूल्य बराबरको १०० क्विन्टल जिरामसिनो धान खरिद गरिसकेको छ । दैनिक दर्जनौँ टायरगाडा तथा ट्र्याक्टरमा धान बेच्न किसान आउने गरेकाले सङ्घीय सरकारले दिएको लक्ष्य माघको पहिलो हप्तासम्म पूरा हुने विश्वास कार्यालयको छ ।

सङ्घीय सरकारले अघिल्लो आर्थिक वर्षको तुलनामा यस आवमा धान खरिदको समर्थन मूल्य प्रतिक्विन्टल रु २११.७४ पैसा बढी तोकेपछि धान खेती गर्ने किसान हर्षित भएका छन् । अमेरिकी सरकारले एक हजार मेट्रिक टन धान भण्डारण गर्ने क्षमताको एउटा गोदाम बनाएपछि कार्यालयसँग धान भण्डारण गर्ने चार हजार मेट्रिक टन क्षमताको पाँच गोदाम छ । धान उत्पादक किसानले आफ्नो धान कम्पनीको कार्यालय वीरगञ्जमा ल्याएर नगदै धान बेच्ने गरिएकाले तोकिएको लक्ष्य समयमै पूरा हुने विश्वास कार्यालयले लिएको छ ।

## सभामुखसँग प्रतिनिधिसभा बैठक बोलाउन माग

काठमाडौँ, ९ पुस (रासस) ।

प्रतिनिधिसभा विघटन भएका सन्दर्भमा जनता समाजवादी पार्टी नेपालका शीर्षस्थ नेताहरूले सभामुख अग्निप्रसाद सापकोटासँग बिहीबार अपराह्न भेटवार्ता गरेका छन् । सिंहदरबारमा भएको भेटमा जसपाका नेताहरूले प्रधानमन्त्री र राष्ट्रपतिलाई प्रतिनिधिसभा विघटन गर्ने अधिकार संविधानले नदिएको जिकिर गर्दै सभाको बैठक बोलाउन माग गरेको जनाइएको छ ।

प्रधानमन्त्रीले यही पुस ५ गते प्रतिनिधिसभा विघटन गरे पनि जसपाले सो सभा जीवितै रहेको मान्यता राखेको जसपाका नेता केशव झाले बताउनुभयो । उक्त भेटमा जसपाका अध्यक्ष उपेन्द्र यादव, सङ्घीय परिषद् अध्यक्ष डा बाबुराम भट्टराई र नेता लक्ष्मणलाल कर्ण सहभागी हुनुहुन्थ्यो ।

### *सिरहामा फुसको ...*

नभइ फुसको छानो भएका सबै घरपरिवारलाई समेटिएको उहाँको भनाइ छ ।

“तराई-मधेशका जिल्लामा अझै फुसको छानो लगाउने गरिएको छ”, सिरहा नगरपालिकाका नगरप्रमुख अशेश्वर यादवले भन्नुभयो, “जसकारण वर्षेनी आगलागीको घटना हुने गरेका छन्, त्यसैले सरकारले फुसको छानो विस्थापित गर्न यस्तो कार्यक्रम ल्याएको हो ।” यो कार्यक्रमबाट आगलागी हुने घटनामा कमी आउने उहाँको विश्वास छ ।

### *दुई फरार प्रतिबादी ...*

बालिकाद्वारा आत्महत्याको घटनापछि फरार रहेको मण्डललाई बुधबार प्रहरीले राजविराजबाट पक्राउ गरी अदालत समक्ष पेश गरेको थियो । उनी माथि सामुहिक बलात्कारको घटना पञ्चायतीद्वारा मिलाउन पञ्चको रुपमा भुमिका निर्वाह गरेको आरोप छ । पीडकलाई सजाय दिलाउनुको साटो पञ्चायतीको माध्यमले पीडित पक्षलाई रकमको प्रलोभन देखाइ घटना ढाकछोप गर्न उनी पञ्चको रुपमा खटेको पाइएको प्रहरीको भनाइ छ ।

त्यस्तै ठगी मुद्दामा फरार रहेका डाकनेश्वरी २ का प्रकाश चौधरी पक्राउपछि अदालतको आदेशमा ५० हजार धरौटी बुझाइ तारेखमा रिहा भएका छन । सोही वडा निवासी राम प्रसाद यादवको गत ०७६ साउन ८ गतेको जाहेरीले ठगी मुद्दामा कारबाही चलाइए पछि फरार भएका चौधरीलाई गाउँमे लुकेको अवस्थामा पक्राउ गरी अदालतमा उपस्थित गराइएको थियो ।




## विश्व समाचार

### कोलम्बीयामा पत्रकारको हत्या

बोगोटा, ९ पुस (रासस/एएफपी) ।

संगठित अपराधका बारेमा समाचार लेख्दै आएका एक जना कोलम्बियाली पत्रकारको गोली हानी हत्या गरिएको छ । सोमबार गोली लागेका पत्रकार फेलिपे गुएभेराको बुधबार उपचारका क्रममा निधन भएको प्रहरीले जनाएको छ । क्युहुबो नामको समाचार पत्रका लागि रिपोर्टिङ गर्ने पत्रकार गुएभेरालाई देशको दक्षिणपश्चिमस्थित काली भन्ने स्थानमा गोली हानिएको थियो ।

काली नगरका मेयर जर्ज इभान ओस्पिनाले पत्रकारसँग कुरा गर्दै सन् २०१७ देखि नै आफूमाथि हत्याको धम्की दिएको भन्दै गुएभेराले प्रहरीलाई जानकारी गराएको बताउनु भएको छ । मेयर ओस्पिनाले हत्यामा संलग्नका बारेमा जानकारी गराउने व्यक्तिलाई १५ हजार डलर पुरस्कार दिइने पनि घोषणा गर्नु भएको छ । प्रहरीले पत्रकार गुएभेराको हत्या रिपोर्टिङको सिलसिलामा नभएको दाबी गर्दै अनुसन्धान अघि बढाएको जनाएको छ ।

प्रेस फ्रिडम फाउन्डेसनका अनुसार, गुएभेरामाथि सन् २०१७ मा समेत संगठित आपराधिक समूहले सांघातिक आक्रमण गरेका र लगातार हत्याको धम्की दिएका थिए । गुएभेराले सन् २०१८ र यसैवर्षको अगस्टमा पनि आफूमाथि आक्रमणको धम्की दिइएको बताउनु भएको थियो । कोलम्बीयाका लागि राष्ट्रसङ्घीय मानवअधिकार आयुक्त जुलिएट डी रिभेरोले उक्त घटनाको निन्दा एवं भर्त्सना गर्दै अपराधीलाई कानुनको दायरामा ल्याउन आग्रह गर्नु भएको छ ।

### राष्ट्रपति ट्रम्पद्वारा कैयौं व्यक्ति विरुद्धको छानबिनबाट उन्मुक्ति

वासिङ्टन, ९ पुस (रासस/एएफपी) ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले सन् २०१६ को राष्ट्रपतीय चुनावमा धाँधली गर्ने सम्भावित उद्देश्यले रसियाका गुप्तचर निकायका व्यक्तिसँग गोप्य भेटघाट गरेको आरोप लागेका व्यक्ति माथिको सङ्घीय छानबिन अन्त्य गरेको घोषणा गर्नु भएको छ । राष्ट्रपति ट्रम्पले अनुसन्धानबाट उन्मुक्ति दिएका व्यक्तिमा राष्ट्रपति ट्रम्पका ज्वाइँ जारेड कुश्नरका बुबा र ट्रम्पका अति निकट दुई व्यक्ति हुनुहुन्छ । अमेरिकी सङ्घीय छानबिनका क्रममा उहाँहरुको संलग्नता देखिएको थियो ।

राष्ट्रपति ट्रम्पको कार्यकाल अन्त्य हुनै लाग्दा एकपछि अर्को उन्मुक्ति गरिएको भन्दै ट्रम्पको चर्को आलोचना भइरहेको छ । उन्मुक्ति दिइएका व्यक्तिमा जारेड कुश्नरका बुबा चार्ल्स कुश्नर, ट्रम्पका पूर्वचुनावी व्यवस्थापक पल मानाफोर्ट र लामो समयदेखिका ट्रम्पका सल्लाहकार रोजर स्टोन रहनु भएको छ । उहाँहरु तीन व्यक्तिसमेत हालसम्म २६ जनालाई ट्रम्पले उन्मुक्ति दिइसक्नु भएको छ ।

ट्रम्पले भ्रष्ट रिपब्लीकन कंग्रेस सदस्यको सजाय माफ गर्नुका साथै सन् २००७ मा बग्दाद घटनामा १४ निर्दोश इराकीको हत्यामा संलग्न सुरक्षा गार्डमाथिको सजाय पनि माफी दिनु भएको छ । चार वर्षअघि अमेरिकी राष्ट्रपतिको चुनावमा ट्रम्पलाई जिताउन रसियालीहरुसँग मिलेमतो गरेको आरोप लागेका मानाफोर्टलाई सबै आरोपबाट मुक्त गरेको विरोधमा ट्रम्प विरुद्ध चौतर्फी आलोचना भएको छ ।

### बेलायत कोरोना भाइरसको नयाँ स्वरुपको मारमा

लन्डन, ९ पुस (रासस/सिन्ह्वा) ।

बेलायतमा कोरोना भाइरसको नयाँ स्वरुपको जिवाणु भेटिएको भन्दै यहाँका कतिपय स्थानमा थप प्रतिबन्ध लगाइएको छ । बेलायत सरकारले यहाँका कैयौँ स्थानमा कडा खालको प्रतिबन्ध लगाइएको बताएको छ । यहाँका अधिकारीले बेलायतमा कडा खालको कोरोना भाइरसको जिवाणु भेटिएको बताएका छन् । यसअघि पनि बेलायतमा गत वर्ष चीनको वुहानबाट उत्पत्ति भएको भनिएको कोरोना भाइरसको दोस्रो लहर आएको र त्यसले पहिलेको भन्दा धेरै असर पारेको बताइएको छ ।

यो दोस्रो लहरका कारण बेलायतमा केही हप्ता यतादेखि कडा खालका प्रतिबन्ध लगाएको थियो र यसपछि पछिल्ला केही दिनयतादेखि पनि यहाँ झनै कडा भाइरस आएको भन्दै थप प्रतिबन्ध लगाइएको थियो । ब्रिटिस सरकारको यो आदेश आएको भोलिपल्टै आइतबार मात्र डच सरकारले पनि यो यात्रा प्रतिबन्ध लगाएको समाचार आएको छ ।

बेलायतमा आगामी क्रिसमससमा र नयाँ वर्षमा दिइएको विदाका समयमा नागरिकले विदा मनाउन ठूलो संख्यामा जम्मा हुनसक्ने भएकोले यसमाथि प्रतिबन्ध लगाएको बुझिएको छ । बेलायतका स्वास्थ्यमन्त्री म्याट ह्यानककले यहाँका थप केही स्थानमा कडा खालको प्रतिबन्ध लगाइएको घोषणा बुधबार मात्र गर्नुभएको थियो ।

### हवाई कारबाहीमा २१ तालिबानी लडाकू मारिए

काबुल, ९ पुस (रासस/सिन्ह्वा) ।

अफगानिस्तानको दक्षिण प्रान्त हेलमाण्डको नवा जिल्लामा तालिबानी लडाकूलाई लक्ष्य गर्दै सेनाद्वारा गरिएको एक हवाई कारबाहीमा परी २१ जना मारिएका यहाँको गृह मन्त्रालयद्वारा बिहीबार जारी विज्ञप्तिमा जनाइएको छ । नवा जिल्लाको मोमेन खान क्षेत्रमा बुधबार एक सुरक्षा जाँचचौकीमा आक्रमणको लागि आएका तालिबान लडाकूसमूहमाथि हवाई कारबाही भएको जनाइएको छ ।

सैन्य विमानले गरेको यस कारबाहीमा परी २१ तालिबान आतङ्ककारी मारिनुको साथै अन्य नौ जना घाइते भएका जारी विज्ञप्तिमा जनाइएको छ । यस कारबाहीको ठूलो मात्रामा हातहतियारसमेत नष्ट भएको सैनिक स्रोतले जानकारी दएको छ । तालिबान लडाकू समूहले भने यस कारबाहीको केही टिप्पणी गरेका छैनन् ।

# सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता अनलाइन प्रणालीद्वारा गरिने प्रतिबद्धता



**दैनिक समाचारदाता**
**राजविराज, ९ पुस ।**
सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता अनिवार्य रुपमा अनलाईन प्रणाली मार्फत गर्नुपर्ने उद्देश्यका साथ बिहीबार ६ दिने अभिमुखिकरण तालिम सम्पन्न भएको छ ।

राष्ट्रिय परिचय पत्र तथा पञ्जिकरण विभाग सेवा ईकाइ कार्यालय राजविराजद्वारा संचालित उक्त तालिममा राजविराज नगरपालिकाको १६ वटै वडाका वडा सचिव र कम्प्यूटर अपरेटर हरुको सहभागिता रहेको थियो ।

तालिमका सहभागीहरुले राजविराज नगरपालिकाको सवै वडाबाट अनलाईन प्रणाली मार्फत नै सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता गर्ने प्रतिवद्धता व्यक्त गरेका छन् ।

राजविराज नगरपालकाका प्रमुख शम्भु प्रसाद यादवको अध्यक्षतामा आयोजित कार्यक्रमामा प्रमुख यादवले अनलाईन प्रणाली मार्फत काम संचालन हुनेप्रति नगरपालिका लागिपरेको बताए । सवै वडाबाट अनलाईन मार्फत नै सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता अनिवार्य रुपमा हुनुपर्नेमा जोड दिदै उनले सवै वडामा आवश्यक सामाग्री उपलव्ध गराउनमा प्रतिवद्ध रहेको बताए ।

गत आईतबारदेखि संचालित तालिम समापन कार्यक्रममा राजविराज नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत मदन कुमार थापा, शाखा अधिकृत मनोज कुमार यादव, लेखा अधिकृत उमा शंकर यादव, स्वास्थ्य शाखा प्रमुख निरंजन कुमार यादव, कृषि शाखा प्रमुख हरि नारायण यादव, सेवा ईकाइका एम.आई.एस. अपरेटर रविन्द्र कुमार साह, विकाश कुमार चौधरीसहित अन्य कर्मचारीहरुको उपस्तिथि रहेको थियो भने कार्यक्रम संचालन फिल्ड सहायक शिव विलास यादवले गरेका थिए ।

# प्रचण्ड-माधव समूहद्वारा देशव्यापी आन्दोलनको घोषणा

**दैनिक समाचारदाता**
**काठमाडौं, ९ पुस ।**
नेपाल कम्युनिस्ट पार्टी (नेकपा) प्रचण्ड-माधव समूहले संसद विघटनविरुद्ध आन्दोलनको घोषणा गरेको छ । बिहीबार बसेको केन्द्रीय कमिटी बैठकले पुस १४ गतेदेखी देशव्यापी प्रदर्शन गर्ने भएको छ ।

प्रवक्ता नारायणकाजी श्रेष्ठले काठमाडौंमा मुख्य प्रदर्शन हुने तथा सबै जिल्लालाई राजधानीमा नै केन्द्रीत गरिने बताएका छन् ।

आन्दोलनका लागि श्रेष्ठकै संयोजकत्वमा २ हजार ५ सय १ सदस्यीय जनआन्दोलन परिचालन समिति बनेको छ । यसको सचिवालय पनि बनाइनेछ ।

बैठकले पुस १० गते माइतीघर मण्डलामा जम्मा भएर संयुक्त पत्रसहित निर्वाचन आयोगमा जाने र २ बजे पत्रकार सम्मेलन गर्ने निर्णय गरेको छ । ११ गते ७ प्रदेशका प्रदेश कमिटी बैठक सम्बबन्धित प्रदेशमै गर्ने र १२ गते ७७ जिल्लामा जिल्लास्तरीय भेला निर्णय भएको छ ।

यस्तै २० गतेसम्म सबै नगर तथा गाउँ र २५ गतेसम्म वडास्तरमा बैठक एवं भेला गर्ने बैठकको निर्णय छ ।

# काँग्रेसले पुस १३ गते आन्दोलन गर्ने

**दैनिक समाचारदाता**
**काठमाडौं, ९ पुस ।**
नेपाली कांग्रेसले पुस १३ गते संसद विघटनविरुद्ध देशभर आन्दोलन गर्ने निर्णय गरेको छ ।

पार्टी केन्द्रीय कार्यालय सानेपामा बिहीबार दिउँसो बसेको केन्द्रीय कार्यसमितिको बैठकले आन्दोलन गर्ने निर्णय गरेको हो ।

प्रधानमन्त्रीको संसद विघटन गर्ने कदम असंवैधानिक एवंम अलोकतान्त्रिक भएको निष्कर्षसहित कांग्रेसले यहीँ पुस १३ गते देशभरका १ सय ६५ वटै निर्वाचन क्षेत्रमा विरोध कार्यक्रम गर्ने निर्णय गरेको हो ।

# ओली समूहद्वारा प्रचण्डबाट कार्यकारी अधिकार खोसियो

**दैनिक समाचारदाता**
**काठमाडौं, ९ पुस ।**
नेपाल कम्युनिष्ट पार्टी (नेकपा) ओली समूहले प्रचण्डबाट कार्यकारी अधिकार खोस्ने निर्णय गरेको छ । बिहीबार बालुवाटारमा बसेको सो निर्णय गरेको हो ।

यसअघि नारायणकाजी श्रेष्ठलाई प्रवक्ताको जिम्मेवारीबाट हटाउने निर्णय भएको थियो ।

यस्तै बिहीबारकै बैठकले प्रचण्ड र माधव समूहमा लागेका प्रदेश इन्चार्जहरु हटाएको छ । प्रदेश १ मा सुवास नेम्वाङलाई जिम्मेवारी दिइएको छ भने प्रदेश २ मा सत्यनारायण मण्डललाई दिइएको छ ।

त्यस्तै बागमती प्रदेशमा ईश्वर पोखरेल, कर्णाली प्रदेश मणि थापा, कर्णाली प्रदेशमा लेखराज भट्ट, गण्डकी प्रदेश इन्चार्जमा पृथ्वी सुब्बा गुरुङ र लुम्बिनी प्रदेश इन्चार्जमा शंकर पोखरेललाई दिइएको छ । यस्तै टोपबहादुर रायमाझीलाई जनसंगठन इन्चार्जको जिम्मेवारी दिने निर्णय गरेको छ ।


सहकारी ऐन २०७४ अन्तर्गत स्थापित
सहकारी बिभाग दर्ता न.१२०१०५७५८

**जनमुखी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड**
राजविराज–३,हाल–४ सप्तरी

मिति: २०७७/०९/०१

## सुचना

**बिषय :- संस्थाको १९औं बार्षिक साधारण सभामा सहभागी हुने बारे ।**

**उपरोक्त सम्बन्धमा यस संस्थाको मिति २०७७ मंसिर २७ गते बसेको संचालक समितिको निर्णयानुसार यस संस्थाको १९औं बार्षिक साधारण सभा कोभिड–१९ को संक्रमणलाई मध्यनजर गर्दे साधारण सभा सम्बन्धि सहकारी विभागले जारी गरेको सुचना बमोजिम आवश्यक स्वास्थ सुरक्षा तथा सामाजिक दुरी कायमगरी तपसिलमा उल्लेखित बिषयहरुमा छलफल गरी निर्णय गर्नका लागी देहायमा उल्लेखित एकाईहरुमा प्रतिनिधि मुलक साधारण सभा संचालन हुने भएको हुँदा यस संस्थाका सम्पुर्ण सदस्य महानुभावहरुलाई निम्न मिति,स्थान र समयमा सहभागिताका लागी हार्दिक अनुरोध छ ।**

**साधारण सभामा छलफलका विषयहरु :**
१. संचालक समितिको तर्फ वाट संस्थाका अध्यक्ष ज्यू द्वारा प्रस्तुत प्रतिवेदन सम्बन्धमा ।
२. लेखा समितिको प्रतिवेदन सम्बन्धमा ।
३. आ.व. ०७६/०७७ को लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।
४. आ.व. ०७६/०७७ मा संचालक तथा लेखा समिती द्वारा गरिएको निर्णयहरु को अनुमोदन सम्बन्धमा ।
५. आ.व ०७७/०७८ को प्रस्तावित बजेट तथा कार्यक्रम स्वीकृती गर्ने सम्बन्धमा ।
६. लाभांश वितरण सम्बन्धमा ।
७. आ.व. ०७७/०७८ को लागि लेखा परिक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्वन्धमा ।
८. संस्थाको विनियम संशोधन तथा पुर्नलेखन, निति नियमावलीहरु तथा आन्तरिक कार्यविधिहरु तर्जुमा सम्बन्धमा ।
९. बहुउद्देश्यीय व्यावसायिक कृषि फार्म संचालन सम्बन्धमा ।
१०. आगामी कार्यकालका लागी संचालक समिति र लेखा सुपरिवेक्षण समिति को चयन तथा निर्वाचन सम्बन्धमा ।
११. साधारणसभाको एकाई (क्षेत्रगत) बैठकको निर्णय प्रमाणित गर्ने प्रतिनिधि छनौट तथा साधारणसभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्न प्रतिनिधि तोक्ने सम्बन्धमा ।
१२. विविध ।

**कार्यक्रम – १. मिति २०७७/०९/१५ गते देखी २३ गते सम्म तल उल्लेखित तालिका बमोजिम एकाई भेला मार्फत सुझाव संकलन तथा प्रस्तावहरु उपर छलफल र एकाई प्रतिनिधि छनौट गरी निर्णय प्रमाणित गर्ने ।**
**२. मिति २०७७/०९/२५ गते एकाई भेला मार्फत चयन भएका प्रतिनिधिहरुको उपस्थितीमा संकलित सुझावहरु र साधारणसभा का प्रस्तावहरु उपर छलफल गरी साधारणसभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्ने ।**

| बैठक मिति | एकाई | एकाईको क्षेत्र | बैठक समय | बैठक स्थान | एकाई बैठकको निर्णय प्रमाणित गर्न आवश्यक प्रतिनिधि संख्या | साधारणसभाको निर्णय प्रमाणित गर्न चयनहुने प्रतिनिधि संख्या |
|---|---|---|---|---|---|---|
| २०७७/०९/१५–१६ | १ | राजबिराज (क) | बिहान १० बजे देखी ४ बजे सम्म | संस्थाको कार्यालय परिसर | ५ | ३ |
| २०७७/०९/१७ | २ | राजबिराज (ख) | बिहान १० बजे देखी ४ बजे सम्म | संस्थाको कार्यालय परिसर | ५ | ३ |
| २०७७/०९/१८ | ३ | सप्तरी पुर्वी क्षेत्र (क) (राजबिराज देखी पुर्व ) | बिहान १० बजे देखी ४ बजे सम्म | संस्थाको कार्यालय परिसर | ५ | ३ |
| २०७७/०९/१९ | ४ | सप्तरी पुर्वी क्षेत्र (ख) (राजबिराज देखी पुर्व ) | बिहान १० बजे देखी ४ बजे सम्म | संस्थाको कार्यालय परिसर | ५ | ३ |
| २०७७/०९/२० | ५ | सप्तरी पुर्वी क्षेत्र (ग) (राजबिराज देखी पुर्व ) | बिहान १० बजे देखी ४ बजे सम्म | संस्थाको कार्यालय परिसर | ५ | ३ |
| २०७७/०९/२१–२२ | ६ | सप्तरी पश्चिम क्षेत्र (क) (राजबिराज देखी पश्चिम ) | बिहान १० बजे देखी ४ बजे सम्म | संस्थाको कार्यालय परिसर | ५ | ३ |
| २०७७/०९/२३ | ७ | सप्तरी पश्चिम क्षेत्र (क) (राजबिराज देखी पश्चिम ) | बिहान १० बजे देखी ४ बजे सम्म | संस्थाको कार्यालय परिसर | ५ | ३ |

संचालक समितिको आज्ञाले
**ब्यबस्थापक**



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६

ipay remit
CITY EXPRESS MONEY TRANSFER
Money Transfer Made Easy
Best Remit Quick & Easy
prabhu Money Transfer
प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money CHAUDHARY GROUP


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल :** rajbirajdainik@gmail.com, **वेवसाइट :** rajbirajdainik.com.np